आज मिति २०७६।१२।१६ गतेका दिन धवलागिरीगाउँपालिकाको सभा हलमा धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसी तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो।

तपसिलः-

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवलागरी गाउँपालिका वडा नं. २, लुलाङ |
| श्री पुर्म पुन | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमरी छन्त्याल | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ |
| श्री राजाराम उपाध्या | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ६, मराङ |
| श्री कलानिधि शर्मा | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ७ ताकम |
| श्री बालकुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमायाँ घर्ती | कार्यपालिका सदस्य |
| श्री देऊ प्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री गोविन्द सुनार | प्रमुख प्रशासकीय अधिकृत |

थमसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

प्रस्तावहरु

१. विपद् व्यवस्थापन कोष सम्वन्धमा ।
२. धवलागिरी गाउँपालिकामा कोरोना रोकथाम तथा नियनत्रणको लागि जनशक्ति खटाउने सम्बन्धमा।
३. लकडाउन तथा कोरोना सङ्क्रमण व्यवस्थापन सम्वन्धमा ।
४. धवलागिरी गाउँपालिकाको कोरोना (Covid-19) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा आपतकालिन युवा परिचालन सम्बन्धि कार्यविधि, २०७६ सम्बन्धमा।
५. असंगठीत क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाइ उपलव्ध गराइने राहत सम्वन्धि मापदण्ड,२०७६ सम्वन्धमा।
६. स्वास्थ्य सम्वन्धी कार्यक्रमको गत आ.व. को रकम भुक्तानी सम्वन्धमा ।
७. प्रदेश समपुरक तथा विशेषकोषको योजना पेश सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव न. १ माथि छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलदै गैरहेको कोरोना भाइरस (COVID-19) ले नेपालमा पनि संक्रमण गरिरहेको अवस्थामा यस रोगको रोकथाम तथा नियन्त्रण गर्नका लागि नेपाल सरकारले देश भरी नै लकडाउनको घोषणा गरेको छ । कोरोना संक्रमित/प्रभावित विरामीहरुको उपचार गर्न तथा देश विदेशबाट आएका व्यक्तिहरुलाई आईसोलेसन र क्वारेनटाइनमा राख्नको लागि यस गाउँपालिकामा क्वारेनटाईन सन्चालन गर्ने भएको साथै आ.व २०७६/०७७ मा स्वीकृत वार्षिक कार्यक्रम सन्चालन गर्न नसकिने अवस्था भएकोले देहाय वमोजिमको .कार्यक्रमलाई परिमार्जन गरी विपद् व्यवस्थापन कोष खाता खोली उक्त खातामा जम्मा गर्ने निर्णय गरियो। साथै उक्त परिमार्जित योजना /कार्यक्रमलाई आगामी गाउँसभा बाट अनुमोदन गर्ने निर्णय गरियो।

| क.स | शिर्षक | कार्यक्रम/क्रियाकलापहरु | बजेट | वडा | कैफियत |
|---|---|---|---|---|---|
| १ | २८.२ | मेलमिलाप केन्द्र स्थापना | १५०००००.०० | ध.गा.पा | |
| २ | २८.८ | दलित महिला जनजाति सम्बन्धी तालिम | ३२६९००.०० | लुलाङ | |
| ३ | २८.९ | महिला हिंसा न्युनिकरण तथा छुवाछुतअन्त्य गर्नको लागि जनचेतना कार्यक्रम | २०००००.०० | मुदी | |
| ४ | २८.१० | महिला हिंसा न्युनिकरण तथा छुवाछुत अन्त्य गर्नको लागि जनचेतना कार्यक्रम | २३७७००.०० | मुदी | |
| ५ | २८.११ | जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सकरात्मक सोचको प्रशिक्षण | ३१८०००.०० | मल्कवाङ्ग | |
| ६ | २८.१ | मेलमिलाप पुनर्ताजगी तालिम | ५०००००.०० | ध.गा.पा. सबै | |
| ७ | २९.२३ | उपभोक्ता समिति तालिम | ५०००००.०० | ध.गा.पा सबै | |

थमसरी पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | २९.२५ | लोक सेवा आयोग तयारी कक्षा संचालन | ५०००००.०० | ध.गा.पा सबै | |
| ९ | २९.३० | होमस्टे व्यवस्थापन तालिम | ३०००००.०० | लुलाङ | |
| १० | २९.२७ | ICT सम्बन्धी तालिम | ३०००००.०० | ध.गा.पा सबै | |
| ११ | २९.३७ | उमेर सान्दर्भिक विवाहसंग उपाध्यक्ष कार्यक्रम | ४०००००.०० | ध.गा.पा सबै | |
| १२ | | | | | |
| | | जम्मा | ५०८२६००.०० | | |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा विश्वव्यापी रुपमा फैलदै गरेको कोरोना भाइरस (COVID-19) रोगको कारण नेपाल पनि उच्च जोखिममा रहेको र धवलागिरी गाउँपालिकामा कोरोना रोकथाम तथा नियन्त्रण गर्नको लागि यस पालिकाको मुख्य-मुख्य नाकाहरुमा दस्ताको रुपमा खटाउनको लागि देहाय बमोजिमको देहायको वडाबाट देहायको संख्यामा आवश्यक व्यक्तिहरु माग गर्ने बारे निर्णय गरियोः-

| क.स. | वडा नं. | माग संख्या |
|---|---|---|
| १ | १ | १ |
| २ | २ | ४ |
| ३ | ३ | २ |
| ४ | ४ | ४ |
| ५ | ५ | १ |
| ६ | ६ | ५ |
| ७ | ७ | ५ |
| | जम्मा | २२ |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कोरोना भाईरस (COVID 19) को विश्वव्यापी महामारी फैलिएको र देश भरी नै लकडाउन भएको अवस्थामा कोरोना भाईरसको सङ्क्रमणलाई रोकथाम तथा नियन्त्रण गर्न यस गाउपालिकाले देहाय बमोजिमको कार्य गर्ने :

क) यस गाउपालिका अन्तर्गत वडा न. ३ फलियागाउमा अवस्थित श्री धनजनता माध्यमिक विध्यालयमा १० बेड सहितको क्वारेनटाईनको व्यवस्था गर्ने ।

थमसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

ख) तेश्रो मुलुक, भारत तथा अन्तर गाउपालिकाका नागरिकलाई यस गाउपालिका भित्र प्रवेश गर्न कम्तीमा १४ दिन क्वारेनटाईनमा वस्ने व्यवस्था मिलाउने ।

ग) न्युन आय भएका तथा दैनिक ज्यालादारी गरि जिविकोपार्जन गर्ने नागरिकहरुको विवरण तयार गरि उनिहरुको लागि न्युनतम राहत सामाग्री उपलव्ध गराउने ।

घ) यस गाउपालिका अन्तरगतका स्वास्थ्य चौकीहरुमा कोरोना भाईरस सङ्क्रमित लक्षणहरुको उपचारर्थ न्युनतम सामाग्रीहरु उपलव्ध गराउने ।

ङ) यस गाउपालिका भित्र मानिसहरु भीडभाड हुने कुनै पनी प्रकारका काम कारबाही गर्न प्रतिबन्ध लगाउने ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा विश्वमा कोभिड-१९ कोरोना भाइरसले आक्रान्त पारिरहेको अवस्थामा धवलागिरी गाउँपालिका भित्र कोरोना भइरसको जोखिम न्युनिकरण गर्नको लागि स्वयंसेवकको महत्वपूर्ण भुमिका रहने भएकोले **"धवलागिरी गाउँपालिकाको कोरोना (Covid-19) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा आपतकालिन युवा परिचालन सम्बन्धि कार्यविधि, २०७६"** सर्वसमितिले पारित गरि लागु हुने भनि निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विश्वव्यापी रुपमा कोभिड-१९ कोरोना भाइरसले आक्रान्त पारिरहेको अवस्थामा धवलागिरी गाउँपालिका भित्र रहेका असंगठीत क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाइ खाद्य संकट हुन नदिन **"असंगठीत क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाइ उपलव्ध गराइने राहत सम्वन्धि मापदण्ड, २०७६"** पास गरि राहत वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गत आर्थिक बर्ष लागु औषध दुर्व्यशनी सम्बन्धी कार्यक्रम सञ्चालन भएको र भुक्तानी गर्न बाँकी रहेकोले सो रकम भुक्तानी आ.व. २०७६/७७ को स्वास्थ्य तर्फ विनियोजित बजेट १५००००० मध्यबाट दुर्व्यसनिमा लागेका युवाहरुलाइ दुर्व्यसनी विरुद्धको कार्यक्रम शीर्षकमा भुक्तानी दिने निर्णय गरियो ।

थमसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको विशेष अनुदानका लागि आयोजना/कार्यक्रम प्रस्ताव गर्ने वारेको सूचना अनुसार देहाय वमोजिमका योजना तथा आयोजना प्रदेश विशेष अनुदान मार्फत कार्यान्वयन गर्ने गरि पेश गर्ने निर्णय गरियो ।

देहायः

| क स | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | अनुमानीत रकम रु | विशेष माग रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | कल्लेनी,खाम्ला,नाउरा,बगर, दोभान र धवलागिरी वेसक्याम हुदै मूस्ताङ जोड्ने सडक निर्माण | धवलागिरी गा.पा. ४ नं. वडा, मुदी | २४००००००० -/ (चौविस करोड मात्र) | ३५००००००० -/ (तिन करोड पचास लाख) | डि.पी.आर भएको |

थमसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका